# लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी कार्यविधि, २०८३

*स्वीकृत मितिः २०८३/.../.....*

**प्रस्तावनाः** पूर्वाधार विकास प्राधिकरणको ऐन, २०७७ को दफा १७ बमोजिमको लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्ति प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौट गर्ने प्रयोजनको लागि ऐनको दफा १३ बमोजिमको पूर्वाधार विकास समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठन भएको सिफारिस समिति सम्झनुपर्छ।

३. **सिफारिस समितिः** (१) पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रदेश सचिव (प्रशासन महाशाखा), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| (ख) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (ग) प्रदेश सचिव, लुम्बिनी प्रदेश योजना आयोग | -सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिले दफा ७ बमोजिमको योग्यताको मूल्याङकन गरी सात दिनभित्र सम्भावित तीन जना उम्मेदवारको छनौट गरी ऐनको दफा १७ बमोजिम नियुक्तिको लागि प्रदेश सरकारसमक्ष पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदनसहित आवश्यक कागजात पेस गर्नु पर्नेछ।

४. **बैठक सम्बन्धी व्यवस्थाः** (१) सिफारिस समितिको बैठक संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछः-

(२) बैठकको सूचना संयोजकले समितिका सदस्यहरूलाई दिनुपर्नेछ।

(३) बैठकको निर्णय सर्वसम्मति गरी सामुहिक हस्ताक्षरबाट प्रमाणित गर्नुपर्नेछ।

मा. चेतनारायण आचार्य
मुख्यमन्त्री

(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट सिफारिस हुन नसकेमा संयोजकसहित बहुमत सदस्यबाट छनोट गरी सिफारिस गर्नु पर्नेछ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ।

५. <u>कार्ययोजना सहितको आवेदन माग गर्नेः</u> (१) ऐनको दफा १८ बमोजिम योग्यता पुगेका आवेदकले अनुसूची बमोजिमको कागजात पेस गर्न सात दिनको सार्वजनिक सूचना मन्त्रालयको वेबसाइट र राष्ट्रियस्तरको सरकारी दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

(२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र पाँच हजार शब्दमा नबढ्ने गरी गोप्य सिलबन्दी खाममा कार्ययोजनामा आफ्नो नाम उल्लेख नगरी कार्ययोजनासहितको आवेदन मन्त्रालयमा दर्ता गराउनु पर्नेछ र प्राप्त कार्ययोजना सिफारिस समितिका सदस्यले कोडिङ्ग गरी गोप्य रूपमा मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम योग्यता पुगेका आवेदकहरूको सूची मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

६. <u>कार्ययोजना अध्ययनः</u> (१) सिफारिस समितिले तोकिएको म्यादभित्र प्राप्त भएका कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरूको अध्ययन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका आवेदनहरू अध्ययन गरी समितिले योग्य उम्मेदवारको सूचीकरण गर्नुपर्नेछ।

(३) समितिले निवेदन संलग्न कार्ययोजना मूल्याङकन गर्दा ऐनको प्रस्तावनामा उल्लिखित मर्म र उद्देश्य पूरा हुने गरी प्रदेश संरचना अनुरूप प्राधिकरणको सञ्चालन, व्यवस्थापन विकास प्रवर्धन र जिम्मेवारी वहन तथा नेतृत्व लिन सक्ने अवधारणागत पक्षलाई आधार मान्नुपर्नेछ।

७. <u>छनौटको मापदण्डः</u> (१) समितिले छनौट प्रकृयामा सहभागी भएका उम्मेदवारको देहाय बमोजिमका आधार र अङ्कभारमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) शैक्षिक योग्यता र अनुभव-३५ (पैतिस) अङ्क

(१) पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्जजनिक निजी साझेदारी दिगो विकास, इन्जिनियरिङ, विकास, व्यवस्थापन वा कानुन तथा अनुसन्धान क्षेत्रमा विद्यावारिधि-२ र स्नातकोत्तर तह उतिर्ण -८ अंक

(२) पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्जजनिक निजी साझेदारी दिगो विकास, इन्जिनियरिङ, विकास, व्यवस्थापन वा कानुन तथा अनुसन्धान क्षेत्रमा कम्तीमा दश

मा. चेतनारायण आचार्य
मुख्यमन्त्री

मा. चेतनारायण आचार्य
मुख्यमन्त्री

वर्ष अनुभवको १५ (पन्ध्र) अङ्क र सोभन्दा बढी प्रत्येक वर्षका लागि एक अङ्कका दरले अधिकतम दश अङ्क गरी जम्मा- २५ (पच्चिस) अङ्क,

(ख) व्यावसायिक कार्ययोजना निर्माण-२५ (पच्चिस) अङ्कलाई अवधारणागत स्पष्टता -५, सही सूचना र विश्लेषण- ५, समस्याको पहिचान -५, सुधारका लागि सुझाव -५ र लेखन शैली -५ गरी अङ्कभारको विभाजन,

(ग) कार्ययोजना प्रस्तुतीकरण-२५ (पच्चिस) अङ्कलाई अवधारणागत स्पष्टता-५ अङ्क, प्रस्तुतीकरण शैली-५ अङ्क, विषयवस्तुको विश्लेषण क्षमता-५ अङ्क, आत्मविश्वास -५ अङ्क र समयको पालना -५ गरी अङ्कभारको विभाजन,

(घ) अन्तरवार्ता-१५ (पन्ध्र) अङ्क।

(२) समितिका सदस्यले उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) र (२) बाहेक अङ्क प्रदान गर्दा अधिकतम ७० र न्यूनतम ४० को अनुपातभन्दा फरक नहुने गरी अलग अलग गोप्य रूपमा अङ्क दिनुपर्नेछ र औसतमा प्राप्ताङ्क कायम गर्नु पर्नेछ।

(३) समितिले उपदफा (१) को खण्ड (क) देखि (घ) सम्म उल्लिखित सूचकमा सिमित भई देहाय बमोजिमका विषयमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) कार्ययोजना- प्राधिकरणको दिगो तथा गुणस्तरीय व्यवस्थापन, र आत्मनिर्भरता, उद्देश्य प्राप्ति, कार्यक्षेत्र, यसको सेवा प्रवाहमा सुधार ल्याउन देखिएका विद्यमान चुनौती र अवलम्बन गर्नुपर्ने कार्यहरू, स्रोत व्यवस्थापन, समन्वय, अनुगमन, मूल्याङ्कन लगायतका समग्र कार्यान्वयन कार्ययोजना।

(ख) कार्ययोजना प्रस्तुतीकरण- प्रस्तुति तयारी वा निर्माण, विषयवस्तु प्रतिको ज्ञान र बुझाइ, प्रस्तुति शैली, विषयवस्तुको सान्दर्भिकता र उपयुक्तता, कार्यान्वयन योग्य प्रस्ताव।

(ग) अन्तरवार्ता- व्यक्तित्व, विषयवस्तुको ज्ञान, प्रस्तुति र निष्ठाभाव।

८. <u>सिफारिसः</u> समितिले दफा ७ बमोजिम मूल्याङ्कन गर्दा छनौट भएका उत्कृष्ट तीन जनाको नाम योग्यताक्रम अनुसार प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

९. <u>छनौट गरी सिफारिस गर्ने अधिकारः</u> प्रमुख कार्यकारी अधिकृत छनौट गरी सिफारिस गर्ने सम्पूर्ण अधिकार दफा ३ बमोजिमको सिफारिस समितिमा निहित रहनेछ।

१०. <u>बाधा अड्काउ फुकाउः</u> (१) प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि दफा ५ को उपदफा (१) बमोजिमको म्यादभित्र आवेदन नपरेमा वा परेका आवेदनमध्ये आवश्यक संख्या (तीन जना) नपुगेमा वा अयोग्य देखिएमा पुनः सूचना जारी गर्नु पर्नेछ।

## अनुसूची

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**आवेदकले पेस गर्नुपर्ने कागजात**

१. प्रमुख कार्यकारी अधिकृत पदको लागि आवेदन,

२. वैयक्तिक विवरण (Curriculum Vitae),

३. कार्ययोजना (प्रदेश विकास प्राधिकरणको परिचय, उद्देश्य, कार्यक्षेत्र, यसको सेवा प्रवाहमा सुधार ल्याउन देखिएका विद्यमान चुनौती आत्मनिर्भरता सम्बन्धमा अवलम्बन गर्नुपर्ने कार्यहरू, प्रदेश सरकारको राजश्व वृद्धि हुने उपाय र अवलम्बन गर्नुपर्ने विधि स्रोत व्यवस्थापन, समन्वय, अनुगमन, मूल्याङ्कन लगायतका कार्यान्वयन कार्ययोजना),

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. नेपाल सरकारबाट मान्यता प्राप्त स्वदेशी वा विदेशी विश्वविद्यालयबाट न्यूनतम स्नातकोत्तर उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि,

६. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र भ्रष्टाचार सम्बन्धी कुनै पनि अभियोग अदालतमा नपरेको वा अदालतबाट प्रमाणित नभएको भनी स्वः घोषणा (निवेदनमा उल्लेख गर्ने),

७. कुनै राजनीतिक दलको सदस्य नभएको र प्रचलित कानुन बमोजिम कुनै पनि विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको स्वःघोषणा (निवेदनमा उल्लेख गर्ने),

८. पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक निजी साझेदारी दिगो विकास, इन्जिनियरिङ, विकास, व्यवस्थापन वा कानुन तथा अनुसन्धान क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको पुष्टि हुने कागजात।

मा. चेतनारायण आचार्य
मुख्यमन्त्री